# वार्षिक प्रगति प्रतिवेदन

# गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

## आ.व. २०७७/७८




## परोहा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

प्रदेश नं. २, नेपाल

**गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन, २०७८**

**सर्वाधिकार © परोहा नगरपालिका**

यस प्रतिवेदनको कुनै पनि अंश परोहा नगरपालिकाको लिखित स्वीकृति बिना पुनरूत्पादन, पुनःप्रकाशन, अनुलिपि यन्त्र वा त्यस्तै अन्य यन्त्रहरूमा संचयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्ता कुनै माध्यमहरूमा प्रयोग गर्न पाइने छैन।

**परोहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
प्रदेश नं. २, नेपाल
इमेलः parohanapa@gmail.com
वेभः www.parohamun.gov.np
फोनः ९८५५०४४०२३/९८५११८८२१०

# प्रतिवेदन सारांश

स्वदेशी श्रम, सीप, स्थानीय कच्चा पदार्थ र स्रोतको उपयोग गरी उद्यमशीलताको माध्यमबाट स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ पहिलो पटक आर्थिक वर्ष २०७७/७८ बाट ७५३ वटै स्थानीय तह मार्फत कार्यान्वयन गर्न सशर्त अनुदानका रूपमा बजेट विनियोजन भई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनमा रहेको छ। यस कार्यक्रमको उद्देश्य लघु उद्यमको विकास गरी गरिब जनताको लागि रोजगारीको अवसर तथा आयस्तर वृद्धि गर्नु रहेको छ। गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरू यस कार्यक्रमका लक्षित समूह रहेका छन्। कार्यक्रम कार्यान्वयन गर्न यस नगरपालिकाको वडा नं. ७, ८ र ९ छनौट गरिएको थियो। त्यस पश्चात सहभागितात्मक ग्रामीण लेखाजोखाको आधारमा त्यस क्षेत्रमा के के कुराको सम्भावना छ र के के कुराको आवश्यकता छ भनी विश्लेषणको आधारमा विभिन्न सम्भावनाहरूको पहिचान गरिएको थियो। सहभागितात्मक ग्रामीण लेखाजोखाको सम्पन्नता स्तरीकरणको आधारमा अति गरिब, गरिब र न्यून मध्यम भनी पहिचान भएका सम्पूर्ण घरपरिवारहरूको यथार्थ आर्थिक तथा समाजिक अवस्था पहिचान गर्नको लागि घरधुरी सर्वेक्षण फारम "ए" र "बी" भर्ने काम गरिएको थियो। यो फारम एउटा घरधुरीमा एउटा मात्र भरिएको थियो। यस फारामको मुख्य उद्देश्य भनेको वर्तमानमा घरपरिवारको जनसङ्ख्यात्मक विवरण, पेशागत विवरण, आम्दानीको स्रोतहरू, खर्चका प्रकारहरू, सामाजिक रहनसहन वा सामाजिक तथा आर्थिक अवस्था के के छ, आधारभूत सेवाहरूमा उनीहरूको पहुँच के कस्तो छ ? सो सम्बन्धी तथ्याङ्क वा सूचना संकलन गर्नु रहेको थियो।

स्थानीय स्रोत तथा बजार सम्भाव्यताको अध्ययन विना सुरु गरिएको उद्यम व्यवसाय सफल हुन सक्दैन। कार्यक्रम संचालन गर्न छनौट गरिएको स्थानमा के कस्ता र कति परिमाणमा स्थानीय स्रोतहरू उपलब्ध रहेको छ, उक्त स्रोतको प्रयोग गरी के कस्ता र कति उद्यम व्यवसाय संचालन गर्न सकिन्छ, उत्पादित वस्तुको बजार सम्भावना कस्तो छ लगायतको अध्ययन गरिएको थियो। सम्भावित लघु उद्यमीको छनौट भईसकेपछि उनीहरूलाई व्यवसाय सञ्चालन गर्ने व्यवसायिक सीप अभिवृद्धिको लागि उद्यमशीलता विकास तालिम प्रदान गरिएको थियो। उद्यमीहरुको रुचि, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता, भौगोलिक अवस्थिती, आबद्ध रहेको समुदाय, सञ्चालन गर्न चाहेको व्यवसायको प्रकृति आदिलाई ध्यानमा राखि १०/१० जना उद्यमीहरुको समूह गठन गरिएको थियो। व्यवसाय सचेतना तथा सुरु तालिम प्राप्त गरिसकेका उद्यमीहरूलाई सञ्चालन गर्न चाहेको उद्यम व्यवसायसँग सम्बन्धित आवश्यक सीप प्रदान गर्नको लागि सीप विकास तालिम सञ्चालन गरिएको थियो। त्यस पश्चात उद्यम व्यवसाय स्थापना तथा सञ्चालन गर्न आवश्यक यन्त्र औजार, उपकरण तथा कच्चा पदार्थ खरिद गर्न, कामदारलाई ज्याला वितरण गर्न तथा उत्पादित वस्तु बजारसम्म पुर्याउन आवश्यक पुँजीको सुनिश्चितताको लागि उपलब्ध बैंक तथा वित्तीय संस्थाहरुसंग अन्तरक्रिया गरिएको थियो। अन्तमा, उपयुक्त प्रविधिको प्रयोगले गुणस्तरीय वस्तु उत्पादन हुनुको साथै उत्पादकत्वमा समेत वृद्धि हुने भएकोले उद्यम व्यवसायको प्रकृति अनुसारको आवश्यक प्रविधिहरु हस्तान्तरण गरिएको थियो।

संदीप कुमार साह
मितिः २०७८ श्रावण ३१ गते — रोजगार संयोजक/फोकल पर्सन

# विषयसूची

१. पृष्ठभूमि ........ 5
२. लघु उद्यम विकास कार्यक्रमको उद्देश्य ........ 6
३. लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन भएका भौगोलिक क्षेत्र ........ 6
४. उद्यमीको विवरण ........ 6
४.२ जातजातिका आधारमा उद्यमीको संख्या ........ 7
४.३ साक्षरताका आधारमा उद्यमीको संख्या ........ 7
४.५ उमेरको आधारमा उद्यमीको संख्या ........ 8
४.६ प्रति ब्यक्ति आयको आधारमा उद्यमीको संख्या ........ 9
४.७ उद्यम व्यवसायका आधारमा उद्यमीको संख्या ........ 9
५. बजेट ........ 10
६. लघु उद्यम विकास कार्यक्रम अन्तरगत सञ्चालन भएका गतिविधिहरु ........ 10
६.१ नयाँ लघु उद्यमी सिर्जना तर्फ ........ 10
६.१.१ सामाजिक परिचालक ........ 10
६.१.१.१ वडास्तरीय अभिमुखीकरण कार्यक्रम ........ 10
६.१.१.२ सहभागितात्मक ग्रामिण लेखाजोखा (PRA) ........ 12
६.१.२ उद्यमशिलता विकास तालिम ........ 13
६.१.३ प्राविधिक सीप विकास तालिम ........ 14
६.१.३.१ डल कुसन तालिम ........ 15
६.१.३.२ तरकारी खेती तालिम ........ 16
६.१.४ बजारीकरण तालिम ........ 17
६.१.५ वित्तीय पहुँच सम्बन्धि अन्तरक्रिया कार्यक्रम ........ 18

६.२.१ सिलाई कटाई तालिम ........................................................... 19

७. कार्यक्रमका चुनौतीहरु ........................................................... 28

८. कार्यक्रमका अवसर ........................................................... 28

अनुसूची-१ ........................................................... 29

अनुसूची-२ ........................................................... 33

## १. पृष्ठभूमि

नेपाल सरकारले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामिण समुदायहरुका लागि स्थानीय स्रोत र साधनको परिचालन मार्फत स्थानीय स्तरमा नै रोजगारीको अवसरहरु सिर्जना गर्ने उद्देश्यले सन् १९९८ मा लघु उद्यम विकास कार्यक्रम (मेडेप) १० जिल्लामा परीक्षण चरणको रुपमा सुरु गरेको थियो । गरिबीको रेखामुनी रहेका रहेका वर्गहरुलाई लक्षित गरि यस कार्यक्रमले चरणवद्ध तथा एकीकृत सेवाहरु मार्फत व्यवसायिक सेवाहरु प्रदान गर्ने लघु उद्यम विकास (MED) मोडेलमा उद्यमीहरु सिर्जना गर्न सफलता प्राप्त गऱ्यो । कार्यक्रमको सफलता पश्चात वेलायत सरकारको अन्तराष्ट्रिय विकास विभाग (DFID), न्युजिल्याण्ड सरकार (NZAID) र अष्ट्रेलियन सरकारको अन्तराष्ट्रिय विकास संस्था (AusAID) को सहयोगमा सन् २००४ देखि २००८ सम्मको लागि लघु उद्यम विकास कार्यक्रम दोस्रो चरणको रुपमा २५ जिल्लाहरुमा विस्तार भई कार्यान्वयन भएको थियो ।

मेडेपको प्रथम र दोस्रो चरणको सफलता तथा प्रभावकारिता पश्चात नेपाल सरकारले पुनः संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को अगुवाईमा अष्ट्रेलियन सरकारको अन्तराष्ट्रिय विकास संस्था (AusAID) र क्यानडा सरकारको अन्तराष्ट्रिय विकास संस्था (CIDA) को वित्तीय सहयोगमा मेडेप तेस्रो चरण सन् २००८ देखि २०१३ सम्मका लागि थप १३ जिल्लामा विस्तातर भई लघु उद्यम विकास कार्यक्रम ३८ जिल्लामा पुगेको थियो । तेस्रो चरणको सफलता तथा प्रभावकारिताबाट आ.व. २०६६/६७ देखि नेपाल सरकारले लघु उद्यम विकास (MED) मोडेललाई आन्तरिकीकरण गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को रुपमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने गरी तत्कालीन उद्योग मन्त्रालय मार्फत १८ जिल्लाबाट शुरुवात भई ४५ जिल्लामा कार्यक्रमको विस्तार गरिएको थियो । तत्पश्चात तत्कालिन जिल्ला विकास समिति र स्थानीय निकायहरुले समेत आफ्नै स्रोत विनियोजन गरी लघु उद्यम विकास मोडेललाई आन्तरिकीकरण गरी सञ्चालन गरेका थिए ।

लघु उद्यम विकास मोडेल आन्तरिकीकरण भैरहेको परिप्रेक्ष्यमा मेडेपा कार्यक्रमलाई संस्थागत गर्न ७५ वटै जिल्लामा विस्तार गरी निरन्तरता दिन नेपाल सरकारले वि.सं. २०७० मा गरिबी निवारणका लागि लघु उद्यम विकासका लागि ५ वर्षे रणनीतिक योजना (२०७०/७१-२०७४/७५) स्वीकृत गरी सफल कार्यान्वयनका लागि "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७०" जारी गरेको थियो । नेपाल सरकारले लघु उद्यम विकास मोडेललाई आन्तरिकीकरण गरिसकेपछि यसलाई संस्थागत गर्न यसका सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि UNDP र अष्ट्रेलियन सरकारको विदेश तथा व्यापार विभाग (DFAT) को सहयोगमा चौथो चरणमा मेडपा कार्यक्रम ७७ वटै जिल्लामा सन् २०१३ देखि जुलाई २०१८ सम्म कार्यान्वयन भएको थियो । सन् २०१८ जुलाई देखि मेडेपको वहिर्गमन पश्चात आ.व. २०७५/७६ देखि नेपाल सरकारले मेडपा कार्यक्रमलाई निरन्तरता दिई करिब ७५३ वटै स्थानीय तहमा कार्यक्रम विस्तार गरी सञ्चालनमा भयो । स्वदेशी श्रम, सीप, स्थानीय कच्चा पदार्थ र स्रोतको उपयोग गरी उद्यमशीलताको माध्यमबाट स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्ने उद्देश्यका

साथ पहिलो पटक आर्थिक वर्ष २०७७/७८ बाट ७५३ वटै स्थानीय तह मार्फत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनमा रहेको छ।

## २. लघु उद्यम विकास कार्यक्रमको उद्देश्य

यस कार्यक्रमको उद्देश्य लघु उद्यमको विकास गरी गरिब जनताको लागि रोजगारीको अवसर तथा आयस्तर वृद्धि गर्नु रहेको छ।

## ३. लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन भएका भौगोलिक क्षेत्र

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम पहिलो पटक आर्थिक वर्ष २०७७/७८ बाट स्थानीय तह मार्फत कार्यान्वयन हुने हुदाँ यो कार्यक्रम परोहा नगरपालिकाको वडा नं. ७ नरकटिया, वडा नं. ८ नरकटिया र वडा नं. ९ रामपुर खापमा कार्यान्वयन भएको थियो।

## ४. उद्यमीको विवरण

सामाजिक परिचालनको माध्यमबाट सहभागितात्मक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षणको आधारमा सम्भावित लघु उद्यमीको पहिचान तथा छनौट गरिन्छ। सहभागितात्मक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षणको आधारमा गरिब, विपन्न, महिला, दलित, आदिवासी जनजाति तथा बेरोजगार यूवाहरु मध्ये यस नगरपालिकाको वडा नं. ७ नरकटियामा ३० जना, वडा नं. ८ नरकटियामा ३० जना र वडा नं. ९ रामपुर खापमा ३० जना कुल ९० जना उद्यमीहरुको छनौट गरिएको थियो। छनौट गरिएका उद्यमीहरुको लिङ्ग, उमेर, जातजाति, साक्षरता, प्रति ब्यक्ति आय र उद्यमका आधारमा तल व्याख्या गरिएको छ।

### ४.१ लिङ्गका आधारमा उद्यमीको संख्या

सहभागितात्मक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षणको आधारमा गरिब, विपन्न, महिला, दलित, आदिवासी जनजाति तथा बेरोजगार यूवाहरु मध्ये छनौट भएका कुल ९० जना सम्भाव्य लघु उद्यमीहरु मध्ये सबभन्दा बढी ८१ जना अर्थात ९० प्रतिशत उद्यमीहरु महिला रहेको थियो भने ९ जना अर्थात १० प्रतिशत उद्यमीहरु पुरुष रहेका थिए। लिङ्गका आधारमा वडा अनुसार उद्यमीहरुको विस्तृत विवरण यस प्रकार रहेका छन्।

| वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ७ | २१ | ९ | ३० |
| ८ | ३० | ० | ३० |
| ९ | ३० | ० | ३० |
| जम्मा | ८१ | ९ | ९० |



## ४.२ जातजातिका आधारमा उद्यमीको संख्या

सहभागितात्मक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षणको आधारमा छनौट भएका कुल ९० जना सम्भाव्य लघु उद्यमीहरु मध्ये सबभन्दा बढी ३६ जना अर्थात ४० प्रतिशत उद्यमीहरु दलित भित्रका मलाह, बिन, धोबी, चमार जातिको रहेको थियो भने सबभन्दा कम १/१ जना १/१ प्रतिशत उद्यमीहरु बरै, कलवार र गिरी जातिका रहेका थिए । जातजातिका आधारमा वडा अनुसार उद्यमीहरुको विवरण यस प्रकार रहेका छन् ।

| वडा नं. | कोईरी | यादब | दलित | तेली | कानु | बरै | लोहार | कुर्मी | हजाम | कलवार | गिरी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | १७ | ५ | १ | ५ | १ | १ | ० | ० | ० | ० | ० | ३० |
| ८ | ० | ० | १७ | २ | ० | ० | ० | ७ | २ | १ | १ | ३० |
| ९ | ० | ० | १८ | ० | ५ | ० | ७ | ० | ० | ० | ० | ३० |
| **जम्मा** | **१७** | **५** | **३६** | **७** | **६** | **१** | **७** | **७** | **२** | **१** | **१** | **९०** |




## ४.३ साक्षरताका आधारमा उद्यमीको संख्या

घरधुरी सर्वेक्षणको आधारमा पहिचान तथा छनौट भएका सम्भाव्य लघु उद्यमीहरु मध्ये सबभन्दा बढी ५५ जना अर्थात ६१ प्रतिशत उद्यमीहरु निरक्षर रहेका छन भने ३ जना अर्थात ३.३३ प्रतिशत उद्यमीले मात्र उच्च माध्यमिक तह उत्तीर्ण रहेका छन । उद्यम व्यवसायमा हिसाब किताब तथा लेखा व्यवस्थापन सम्बन्धि कार्य निरक्षर उद्यमीहरुको लागि चुनौतीपूर्ण रहेको देखिन्छ । साक्षरताका आधारमा वडा अनुसार उद्यमीहरुको विवरण यस प्रकार रहेका छन् ।

| वडा नं. | निरक्षर | प्राथमिक | आधारभूत | माध्यमिक | उच्च माध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|
| ७ | ९ | १० | ५ | ३ | ३ | ३० |
| ८ | २१ | ९ | ० | ० | ० | ३० |
| ९ | २५ | ५ | ० | ० | ० | ३० |
| **जम्मा** | **५५** | **२४** | **५** | **३** | **३** | **९०** |




## ४.५ उमेरको आधारमा उद्यमीको संख्या

सहभागितात्मक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षणको आधारमा पहिचान तथा छनौट भएका कुल ९० जना सम्भाव्य लघु उद्यमीहरु मध्ये सबभन्दा बढी ३५ जना अर्थात ३८.८८ प्रतिशत उद्यमीहरु ३१-३५ वर्ष उमेर समूहका रहेका छन् भने सबभन्दा कम ४ जना अर्थात ४.४४ प्रतिशत उद्यमीहरु १८-२० वर्ष उमेर समूहका रहेका छन् । परिपक्व उमेर समूहका उद्यमीहरुको संख्या उल्लेख्य रहेका छन् । परिपक्व उमेर समूहका सम्भाव्य उद्यमीहरूको उद्यमप्रतिको धारणा, प्रतिबद्धताको स्तर, जोखिम बहन गर्न सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्यमको लागि दिने समय, गतिशीलता, पारिवारिक व्यवसायिक वातावरण जस्ता गुणहरू हुने हुदाँ सफल उद्यमी बन्न सहयोग पुग्ने देखिन्छ । उमेरको आधारमा वडा अनुसार उद्यमीहरुको विवरण यस प्रकार रहेको छ ।

| वडा नं. | १८-२० वर्ष | २१-२५ वर्ष | २६-३० वर्ष | ३१-३५ वर्ष | ३६-४० वर्ष |
|---|---|---|---|---|---|
| ७ | ० | ३ | ५ | १० | १२ |
| ८ | ० | ४ | ८ | १२ | ६ |
| ९ | ४ | ४ | ४ | १३ | ५ |
| **जम्मा** | **४** | **११** | **१७** | **३५** | **२३** |



## ४.६ प्रति ब्यक्ति आयको आधारमा उद्यमीको संख्या

गरिब, अति विपन्न वर्ग, पिछडिएका (एकल महिला समेत), दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, लैगिंक अल्पसंख्यक, बेरोजगार यूवाहरु तथा सेवाको पहुँच कम भएका वा गरिबीको रेखामुनि रहेका नेपाली नागरिकका परिवारका सदस्यहरू यस कार्यक्रमका लक्षित समूहभित्र पर्दछन् । घरधुरी सर्वेक्षणको आधारमा पहिचान तथा छनौट भएका कुल सम्भाव्य लघु उद्यमीहरु मध्ये सबभन्दा बढी ५३ जना अर्थात ५८.८८ प्रतिशत उद्यमीहरुको प्रति ब्यक्ति आय रु. २६०००-३००० को हाराहारीमा रहेको छ भने १७ जना अर्थात १८.८८ प्रतिशत उद्यमीहरुको प्रति ब्यक्ति आय रु. २००००-२५००० को हाराहारीमा रहेका छन् । वडा अनुसार प्रति ब्यक्ति आयको आधारमा उद्यमीहरुको विवरण यस प्रकार रहेको छ ।

| वडा नं. | रु.२००००-रु.२५००० | रु.२६०००-रु.३०००० | रु.३१०००-रु.३५००० |
|---|---|---|---|
| ७ | ५ | १७ | ८ |
| ८ | ९ | १५ | ६ |
| ९ | ३ | २१ | ६ |
| **जम्मा** | **१७** | **५३** | **२०** |




## ४.७ उद्यम व्यवसायका आधारमा उद्यमीको संख्या

सम्भाव्य उद्यमीहरुको पहिचान तथा छनौट पश्चात कार्यक्रमको उद्देश्य, सहभागीहरुको रुची, क्षमता, आवश्यक्ता, सम्भव्यता, कच्चा पदार्थ र बजारको उपलब्धताको आधारमा निम्न ६ वटा उद्यमहरु (तरकारी खेती, ईम्बोडरी, डल कुसन, माछा किनबेच र होटेल व्यवसाय) को छनौट गरिएको थियो । सबभन्दा बढी ५३ जना वा ५८ प्रतिशतले तरकारी खेती र सबभन्दा कम १ जना वा १ प्रतिशतले होटेल व्यवसाय छनौट गरेको थियो । वडा नं. ७ नरकटियाका

सबै (३० जना) उद्यमीहरुले तरकारी खेती नै छनौट गरेको थियो। उद्यम व्यवसायको आधारमा उद्यमीहरुको संख्या तल प्रस्तुत गरिएको छ।

| वडा नं. | तरकारी खेती | ईम्बोडरी | डल कुसन | माछा किनबेच | होटेल व्यवसाय |
|---|---|---|---|---|---|
| ७ | ३० | ० | ० | ० | ० |
| ८ | १० | १० | १० | ० | ० |
| ९ | १३ | १० | ० | ७ | १ |
| **जम्मा** | **५३** | **२०** | **१०** | **७** | **१** |




## ५. बजेट

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमले परिलक्षित गरेको नतिजा प्राप्त गर्न आर्थिक बर्ष २०७७/७८ मा यस परोहा नगरपालिकामा कार्यक्रम कार्यन्वयनका लागि ब.उ.शि.नं. ३०७००१०६ मा सशर्त अनुदानको रुपमा रु. २९००००.०० (रु. उन्नतिस लाख मात्र) रकम विनियोजन भएको थियो।

## ६. लघु उद्यम विकास कार्यक्रम अन्तरगत सञ्चालन भएका गतिविधिहरु

### ६.१ नयाँ लघु उद्यमी सिर्जना तर्फ

#### ६.१.१ सामाजिक परिचालक

##### ६.१.१.१ वडास्तरीय अभिमुखीकरण कार्यक्रम

यस नगरपालिकामा गरिवीको रेखा मुनि रहेका अति विपन्न वर्गहरुलाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को माध्यमबाट स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी स्थानीय स्तरमा नै उद्यमशीलता विकास मार्फत रोजगारी श्रृजना गर्ने, मेड मोडेल वारे समुदायलाई जानकारी गराउने, समुदायहरुको आवश्यकता

पहिचान गर्ने, कार्यक्रम सञ्चालनको लागी सहज वातावरण तयार गर्ने तथा आर्थिक आम्दानीमा बृद्धि ल्याई गरिवी न्युनिकरण गर्ने उद्देश्यले वडा नं. ७ मा मिति २०७७/०९/१९, वडा नं. ८ मा मिति २०७७/०९/०९ र वडा नं. ९ मा मिति २०७७/०९/१५ गतेका दिन गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सम्बन्धि वडास्तरीय अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो ।

**वडा नं. ७ को अभिमुखीकरण कार्यक्रमका सहभागीहरुको जातिगत विवरण**

| दलित | | जनजाती | | अन्य | | मुस्लिम | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ० | १ | २२ | १५ | ० | ० | ० | ० | २२ | १६ | ३८ |

**वडा नं. ८ को अभिमुखीकरण कार्यक्रमका सहभागीहरुको जातिगत विवरण**

| दलित | | जनजाती | | अन्य | | मुस्लिम | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| २३ | ६ | ११ | २ | ० | ३ | ० | ० | ३४ | ११ | ४५ |

**वडा नं. ९ को अभिमुखीकरण कार्यक्रमका सहभागीहरुको जातिगत विवरण**

| दलित | | जनजाती | | अन्य | | मुस्लिम | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| २९ | ६ | ६ | ५ | ० | ० | ० | १ | ३५ | २२ | ५७ |

## उपलब्धि

वडास्तरीय अभिमुखीकरण कार्यक्रमका निम्न उपलब्धिहरु हासिल भएको देखिन्छ ।

- कार्यक्रमको वारेमा जानकारी गराईएको ।
- लक्षित समुदायहरुलाई यो कार्यक्रमबाट हुने उपलब्धिहरुको बारेमा जानकारी गराईएको ।
- उपलब्ध श्रोत र साधनहरुको पहिचान गर्न सक्षम भएको ।
- कार्यक्रमको लागि लक्षित वर्गका सहभागीहरुको पहिचान भएको ।

## निश्कर्ष

वडास्तरीय अभिमुखीकरण कार्यक्रमको माध्यमबाट गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको वारेमा प्रष्ट बुझ्न सफल भई कार्यक्रममा पूर्ण रुपमा सहभागीता हुने प्रतिवद्धता गरेको देखियो । यसका साथै ६ वटा चरणहरुबारे सहभागीहरुलाई जानकारी गराईएको थियो । गरिवीको रेखाभित्र रहेका अति विपन्न वर्गहरुलाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट स्थानिय स्रोत साधन परिचालन गरी स्थानिय स्तरमा

नै उद्यमशीलता विकास मार्फत रोजगारी श्रृजना गरी आर्थिक आम्दानीमा बृद्धि ल्याई गरिवी न्युनिकरण गर्न यो कार्यक्रम अति आवश्यक रहेको देखिन्छ।

### ६.१.१.२ सहभागितात्मक ग्रामिण लेखाजोखा (PRA)

सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) भन्नाले ग्रामीण समुदायका मानिसहरू आफूहरू नै मिलेर आफ्नो गाउँ र सामुदायमा रहेका स्रोत, साधन र सम्बन्धका बारेमा वास्तविक अवस्थाको चित्रण गर्नको लागि प्रयोग गरिने एउटा अति नै प्रचलित र लोकप्रिय विधि हो। यसै सहभागितात्मक ग्रामीण लेखाजोखाको आधारमा त्यस क्षेत्रमा के के कुराको सम्भावना छ र के के कुराको आवश्यकता छ भनी विश्लेषण गर्न सकिन्छ। जसको आधारमा विभिन्न सम्भावनाहरूको पहिचान गरी बस्तीको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुर्याउन सकिन्छ । सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) को लागि सामाजिक नक्सा (Social Map), गतिशीलता नक्सा (Mobility Map), मौसमी पात्रो (Seasonal Calendar), चक्र चित्र वा भेन डायग्राम (Circle/Venn Diagram), सम्पन्नता स्तरीकरण (Well-being ranking), स्रोत नक्सा (Resource Map) विधिहरुको प्रयोग गर्न सकिन्छ।

परोहा नगरपालिकाको समन्वय र आयोजनामा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमले नगरपालिकाभित्रका गरिबीको रेखामुनि रहेका अति विपन्न वर्गहरुलाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट स्थानिय स्रोत साधनको समुचित परिचालन गरी स्थानिय स्तरमा उद्यमशीलता विकासको माध्यमबाट रोजगारी श्रृजना गरी आर्थिक आम्दानीमा बृद्धि गर्न ग्रामिण अवस्थाको वस्तुस्थिति पता लगाउने, उपलब्ध प्राकृतिक श्रोत साधनको बारेमा जानकारी प्राप्त गर्ने, टोल वस्तीको श्रोत नक्सा तथा सामाजिक नक्सा तयार गर्ने, घरधुरी सर्वेक्षण फारम ए र बि भरी आर्थिक विवरण सँकलन गर्ने, सम्भाव्य घरधुरी पता लगाउने यस कार्यकमको मुख्य उद्देश्य रहेको थियो। पहिचान भएका विपन्न वर्गहरुलाई यस कार्यक्रममा आबद्ध गरी उद्यमशिलताको विकास मार्फत विभिन्न सीपमूलक तालिमहरु दिई स्थानिय श्रोत साधनको अधिकतम परिचालन गरी जीविकोपार्जनमा सुधार ल्याउनुको साथै गरिबी तथा वेरोजगारी अन्त्य गर्नु हो। सहभागितात्मक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षण कार्यक्रम वडा नं. ७ मा मिति २०७७/०९/२० गते, वडा नं. ८ मा मिति २०७७/०९/१० गते र वडा नं. ९ मा मिति २०७७/०९/१६ गते सम्पन्न गरिएको थियो।

**वडा नं. ७ को सहभागितात्मक ग्रामिण लेखाजोखाका सहभागीहरुको जातिगत विवरण**

| दलित | | जनजाती | | अन्य | | मुस्लिम | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ० | ३ | २१ | १८ | ० | ० | ० | १ | २१ | २० | ४१ |

**वडा नं. ८ को सहभागितात्मक ग्रामिण लेखाजोखाका सहभागीहरुको जातिगत विवरण**

| दलित | | जनजाती | | अन्य | | मुस्लिम | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| २३ | १ | १५ | ४ | ० | ० | १ | ० | ३९ | ५ | ४४ |

**वडा नं. ९ को सहभागितात्मक ग्रामिण लेखाजोखाका सहभागीहरुको जातिगत विवरण**

| दलित | | जनजाती | | अन्य | | मुस्लिम | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १९ | ० | १३ | २ | ० | १ | ० | ० | ३५ | ३ | ३८ |

### उपलब्धि

सहभागितात्मक ग्रामिण लेखाजोखाबाट निम्नानुसारको उपलब्धिहरु प्राप्त भएको थियो ।

- PRA Method & Tools द्धारा सामुदायिक अवस्था, आवश्यक सूचनाहरुको सँकलन गरिएको ।
- सम्भाव्य उद्यमीको आर्थिक, सामाजिक तथा पारिवारिक अवस्था वारे सूचना सँकलन गरिएको ।
- सम्भाव्य उद्यमीहरुको छनौट गरिएको ।
- श्रोत नक्सा, सामाजिक नक्सा, धरातलीय नक्सा, मौसमी पात्रो, भेन डायग्राम तयार गरिएको ।

### निश्कर्ष

सहभागितात्मक ग्रामिण लेखाजोखामा श्रोत नक्सा, सामाजिक नक्सा, धरातलीय नक्सा, मौसमी पात्रोको माध्यमबाट विस्तृत विवरण पत्ता लगाई घरधुरी सर्वेक्षण फारम ए र बि भरी यस नगरपालिकाको वडा नं. ७, ८ र ९ का लक्षित घरपरिवारहरुको सामाजिक र आर्थिक अवस्था वारे सूचना प्राप्त गरी यस कार्यक्रममा आबद्ध हुने सहभागीहरुको छनौट गरिएको थियो ।

### ६.१.२ उद्यमशिलता विकास तालिम

सामाजिक परिचालनको माध्यमबाट सम्भावित लघु उद्यमीको पहिचान तथा छनौट गर्ने कार्य सम्पन्न भएपछि उनीहरूलाई व्यवसाय संचालन गर्ने व्यवसायिक सीप अभिवृद्धिको लागि उद्यमशीलता विकास तालिम प्रदान गरिन्छ । सहभागितात्मक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षणको आधारमा छनौट भएका गरिब, विपन्न, महिला, दलित, आदिवासी जनजाति तथा बेरोजगार यूवा सहभागीहरुलाई लक्षित गरि उद्यम व्यवसाय गर्न ईच्छुक ब्यक्तिहरुलाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा समावेश गरी जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले वडा नं. ७ मा मिति २०७७ माघ २५ गते देखि फाल्गुन ०२ गतेसम्म, वडा नं. ८ मा मिति २०७७ फाल्गुन ०५ गते देखि फाल्गुन १४ गतेसम्म र वडा नं. ९ मा मिति २०७७ फाल्गुन १६ गते देखि फाल्गुन २३ गतेसम्म सात दिने उद्यमशिलता विकास तालिम र एक दिने लैंगिक समानता तथा सामाजिक समावेशीकरण तालिमको आयोजना गरिएको थियो । यो तालिम सम्पन्न भए पश्चात उद्यम, व्यापार, व्यवसायमा बृद्धि हुने अपेक्षा गरिएको थियो । यस तालिमको माध्यमबाट उद्यम व्यवसाय सम्बन्धि ज्ञान, सीप हासिल भए पछि स-साना उद्यम व्यवसायमा लगानी गर्न

सक्ने आँट, लगानी गर्न पूँजी नभए बैंकसँग कसरी ऋण लिने सम्बन्धी ज्ञान तथा व्यापार व्यवसाय गरे पछि कसरी दर्ता गर्ने सो को प्रक्रिया समेतको जानकारी गराईएको थियो।

**उपलब्धि**

उद्यमशिलता विकास तालिम सम्पन्न पश्चात तालिमका सहभागीहरुमा निम्न उपलब्धिहरु देखिएको थियो। जुन यसप्रकार रहेको छः

- उद्यम व्यवसाय सम्बन्धी स्पष्ट बुझाई भएको,
- व्यवसाय चक्रको अवधारणा र चरणहरु बारे प्रष्ट भएको,
- बजारको मागलाई मध्यनजर गर्दै सो अनुसार उद्यम व्यवसाय छनौट गर्न सक्ने भएको,
- सामानको लागत निकाल्न सक्ने भएको,
- बजारीकरणका ६ वटा चरणहरुको बारेमा जानकारी हासिल भएको,
- बजारका प्रबर्द्धनात्मक तरिका र रणनीतिहरुको बारेमा जानकारी भएको,
- उद्यम व्यवसाय र बजारका सम्भावित जिखिमहरुको बारेमा ज्ञान हासिल भएको,
- व्यवसायिक योजना बनाउन सक्ने ज्ञान र सीप भएको,
- उद्यम व्यवसाय दर्ता प्रक्रियाको चरणहरु अवगत भएको,
- उद्यम व्यवसाय सम्बन्धी सरकारी नीति नियमको बारेमा जानकारी भएको,
- उद्यम व्यवसायको लागि बैंकसँग ऋण लिने प्रक्रियाको बारेमा थाहा भएको।

**निश्कर्ष**

नेपाल प्राकृतिक स्रोतले भरिपूर्ण देश हो। यहाँ प्राकृतिक रूपमा उपलब्ध स्रोत साधनहरू कै मात्र प्रयोग गरेर पनि स-साना लघु उद्यम व्यवसाय सञ्चालन गर्न सकिने प्रशस्त सम्भावनाहरु छन्। नेपालमा बढ्दो सहरीकरण, मानिसको जीवनशैलीमा आएको परिवर्तन, पूर्वाधारको विकास आदिको कारणले पनि स-साना उद्यम व्यवसाय सञ्चालन गरी जीविकोपार्जन गर्ने प्रशस्त अवसरहरू छन्। समुदायमा उपलब्ध स्रोत साधन तथा सीपको प्रयोग गरी देशमा विद्यमान गरिबी, बेरोजगारी र विदेशिने समस्यालाई न्यूनीकरण गर्न लघु उद्यम विकास कार्यक्रम मुख्य आधार बन्दै गएको देखिन्छ। यस कार्यक्रम मार्फत छनौट भएका सम्भाव्य लघु उद्यमीहरूलाई व्यवसाय सञ्चालन गर्न व्यवसायिक ज्ञान, सीप तथा क्षमता अभिवृद्धिको लागि उद्यमशीलता विकास तालिम प्रदान गरिन्छ।

## ६.१.३ प्राविधिक सीप विकास तालिम

व्यवसाय सचेतना तथा सुरु तालिम प्राप्त गरीसकेका सम्भावित उद्यमीहरूलाई उनीहरूले संचालन गर्न चाहेको उद्यम व्यवसायसँग सम्बन्धित आवश्यक सीप प्रदान गर्नको लागि सीप विकास तालिम प्रदान गरिन्छ। तालिमको प्रकृति र सहभागी संख्याको आधारमा सीप विकास तालिम स्थानीयस्तरमा नै आयोजना गर्न सकिन्छ वा विभिन्न तालिम प्रदायक संस्थाहरूमा पठाई तालिम दिने व्यवस्था मिलाउन सकिन्छ। लघु उद्यम, घरेलु तथा साना उद्योग व्यवसाय स्थापना गराउने उद्देश्यले प्रदान गरिने सीपको निर्धारण गर्नुभन्दा पहिले स्थानीय बासिन्दाको चाहना, स्रोतको उपलब्धता र बजार मागलाई बिश्लेषण गर्नुपर्दछ। सीप विकास तालिम प्रदान गर्नुको मुख्य उद्देश्य भनेको बजारको

माग अनुसार रोजगारीको लागि आवश्यक जनशक्ति उत्पादन गर्नु, स्वरोजगारी वा उद्यम व्यवसाय स्थापनाको लागि आवश्यक सीप प्रदान गर्नु र हाल सम्पादन गरिरहेको कार्यमा क्षमता अभिवृद्धि गर्नु हो ।

### ६.१.३.१ डल कुसन तालिम

यस परोहा नगरपालिकाको वडा नं. ८, नरकटियामा गठित सरस्वती लघु उद्यमी समूहका उद्यमीहरुहरुलाई लक्षित गरि मिति २०७७ चैत्र ३ गते देखि २० गतेसम्म १५ (पन्द्र) दिने डल कुशन तालिमको आयोजना गरिएको थियो । डल र कुसनसंग सम्बन्धि ज्ञान, सीप र क्षमता विकास गरि उद्यमीहरुको व्यवसायिकता विकास गर्नु यस तालिमको मुख्य उद्देश्य रहेको थियो । तालिममा डल/कुशनको परिचय, ड्राफ्ट, कपडा कटिङ्ग, सिलाई तथा फिनिसिङ्ग र व्यवस्थापनसँग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएको थियो । उद्यमीहरुको जीवनस्तरमा सुधार ल्याउन यस तालिमले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको थियो । डल तथा कुशन तयार गर्ने विधा सम्बन्धी सीप र ज्ञानयुक्त निम्नस्तरीय जनशक्ति उत्पादन गर्न तयार सहयोग पुर्याउँने आशा समेत गरिएको थियो । यस तालिमले डल कुशन बनाउनको लागि आवश्यक सीप र ज्ञान प्रदान गरेको थियो । यस तालिमबाट उद्यमीहरुले डल/कुशनसंग सम्बन्धित ज्ञान र सीपहरु सिक्नका लागि आवश्यक औजार, उपकरण तथा सामग्रीहरु प्रयोग गरी उक्त ज्ञान र सीपहरु बारे अभ्यास गर्न र सिक्न सक्षम भएको थियो ।

#### उपलब्धि

डल कुशन तालिमको उपलब्धिहरु निम्नानुसार रहेको थियो ।

- डल कुशनसंग परिचित भएको,
- कपडा तथा यसमा प्रयोग हुने सामानहरुको बारेमा अवगत भएको,
- पेपरमा डलको ड्राफ्ट बनाउन सक्ने भएको,
- कपडामा डलको ड्राफ्ट कोर्न सक्षम भएको,
- विभिन्न आकार (चारपाटे, पान, गोलो, मादल) को कुशनको ड्राफ्ट बनाउन सक्ने भएको,
- फर/फेल्ट कपडामा विभिन्न किसिमका (सिधा, गोलो, ) कटाई गर्न सक्षम भएको,
- डल र कुशनमा टांका लगाउन तथा सिलाई गर्न सक्षम भएको,
- विभिन्न किसिमका कुशन (गोलो, मादल, पान, चार पाटे) तयार गर्न सक्षम भएको,
- विभिन्न किसिमका डल (बसेको खरायो, भालु, बसेको गणेश ) तयार गर्न सक्षम भएको,
- डल र कुसनको फिनिसिङ कार्य (डलमा आंखा, नाक, कान, जुंगा राख्न) गर्न सक्ने भएको,
- तयारी डल र कुसनलाई प्याकेजिङ गर्न सक्ने भएको ।

#### निश्कर्ष

आजको २१ औं शताब्दीमा आम्दानीका अत्यधिक सम्भावना भएका क्षेत्रहरु मध्ये डल र कुसनको क्षेत्र पनि एक हो । जन्मदिन, विवाहोत्सबमा उपहार लगायत अन्य सजावटका काममा समेत यसको प्रयोग दिनानुदिन बढदै गएको छ । त्यसैले यस क्षेत्रसंग ज्ञान, सीप र क्षमता विकास गरि उद्यमीहरुको व्यवसायिकता विकास गरी उद्यमीहरुको जीवनस्तरमा सुधार ल्याउन यस क्षेत्रले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको थियो ।

### ६.१.३.२ तरकारी खेती तालिम

यस परोहा नगरपालिकाको वडा नं. ७ नरकटियामा गठित माँ लक्ष्मी लघु उद्यमी समूह, ओम शान्ति लघु उद्यमी समूह र हनुमान लघु उद्यमी समूहका उद्यमीहरुहरुलाई लक्षित गरि व्यवसायिक रुपमा तरकारी खेती गर्नका लागि मिति २०७७ चैत्र ५ गते देखि १४ गतेसम्म, वडा नं. ८ नरकटियामा गठित विश्वकर्मा लघु उद्यमी समूहका उद्यमीहरुलाई मिति २०७७ चैत्र २० गते देखि २९ गतेसम्म र वडा नं. ९ रामपुरखापमा गठित मनकामना लघु उद्यमी समूहका उद्यमीहरुलाई मिति २०७७ चैत्र १२ गते देखि २२ गतेसम्म १० (दश) दिने तरकारी खेती तालिमको आयोजना गरिएको थियो। उद्यमीहरुको जीवनस्तरमा सुधार, आयआर्जन र व्यवसायीकरणको मुख्य आधार तरकारी खेती नै रहेको छ। उद्यमीहरुले निर्वाहमुखी तरकारी खेती गर्दै आएकोमा यो तालिम सम्पन्न भए पश्चात उत्पादनमूलक रुपमा व्यवसायिक तरकारी खेतीको थालनी गरि आर्थिक रुपमा जीवनस्तरमा सुधार आउने अपेक्षा रहेको थियो। साथै नेपालले दिनहुँ आयात गर्दै आएको तरकारीजन्य वस्तुमा कमी आउने समेत आशा गरिएको थियो। व्यवसायिक रुपमा तरकारी खेती कसरी गर्ने, तरकारीको मूल्य निर्धारण कसरी गर्ने, उत्पादित तरकारीको बजारमा पहुँच र बजारीकरणको बारेमा ज्ञान, सीप र प्रविधिको बारेमा जानकारी हासिल भए पछि व्यवसायिक तरकारी खेतीको माध्यमबाट तरकारी उत्पादन तथा उत्पादकत्वको बृद्धि गरि गरिबी निवारण, सन्तुलित पोषण, खाध सुरक्षाको साथ साथै उद्यमीहरुको आयस्तरमा बृद्धिका लागि यस तालिमले सहयोग पुग्ने विश्वास लिईएको थियो।

#### उपलब्धि

तरकारी खेती तालिम समपन्न पश्चात सहभागीहरुमा निम्न सिकाईहरु उपलब्धि भएको थियो। जुन यसप्रकार रहेको छः

- उद्यमीहरुले खेतको तयारी र बिऊको छनौट सजिलै रुपमा गर्न सक्ने भएको,
- श्रोत साधन, पूँजी, बजार तथा माँगको आधारमा व्यवसायिक रुपमा तरकारी खेती गर्न सक्षम भएको,
- तरकारी खेती गर्दा हुने सम्भावित जोखिमहरुबाट बच्ने तरिकाहरुको वारेमा जानकार भएको,
- विभिन्न किसिमका तरकारीका जातहरुको बारेमा जानकारी भएको,
- जग्गाको छनौट र तयारी गर्ने तरिकाको बारेमा अवगत भएको,
- उद्यमीहरुले तरकारी खेती गर्दा लाग्ने रोग, किरा र प्रयोग हुने औषधी तथा विषादी आदिको बारेमा जानकारी हासिल भएको,
- तरकारीको बिऊ रोप्ने तरिका र तरकारी टिप्ने सिजनको बारेमा जानकारी भएको,
- तरकारी खेतीको लागि बजार व्यवस्थापन र मूल्य निर्धारण सम्बन्धी ज्ञान भएको।

#### निश्कर्ष

विश्व स्वास्थ्य संगठनका अनुसार स्वस्थ रहनका लागि एक जना परिपक्व ब्यक्तिले प्रति दिन (आलु बाहेक) ४०० ग्राम तरकारी उपभोग गर्नु पर्छ। त्यसै गरी नेपाल सरकारको अनुसार प्रति दिन ३७५ ग्राम तरकारी (आलु बाहेक) उपभोग गर्नु पर्दछ। कृषि क्षेत्रले करिब ६५% अप्रत्यक्ष रुपमा रोजगारी सृजना गर्दै आएको छ। नेपालमा वार्षिक रुपमा ११ अर्ब ६० करोड १५ लाख ३७ हजारको तरकारी तथा ४६ करोड ६५ लाख ९९ हजारको तरकारी तथा

फलफुलको बिऊ आयात हुने गरेको तथ्यांकले प्रष्ट देखाउँछ । अतः नेपालमा तरकारीको खपत र बजार भाउ उच्च रहेको देखिन्छ । आम्दानीको मुख्य श्रोतहरु मध्ये तरकारी खेती पनि एक रहेकोले यस क्षेत्रबाट थप रोजगारी सिर्जना हुन सक्ने प्रष्ट देखिन्छ ।

### ६.१.४ बजारीकरण तालिम

कुनै पनि व्यवसायको मुनाफा सुनिश्चित गर्ने क्रममा विभिन्न व्यवसायिक पक्षहरूले विभिन्न तहमा प्रभाव पार्ने गरेका हुन्छन् । त्यस मध्ये बजार पक्ष प्रमुख कारक तत्व हो । व्यवसायमा उपयुक्त लगानी, सक्षम जनशक्ति, उपयुक्त प्रविधि आदि पक्षहरू विद्यमान रहँदारहँदै, यदि त्यसको बजार पक्ष राम्रो छैन भने मुनाफाको सम्भावना न्यून हुन जान्छ । अर्थात् त्यो व्यवसाय नै असफल भई बन्द गर्नुपर्ने स्थिति श्रृजना हुन सक्दछ । व्यवसायको उद्देश्य मुनाफा आर्जन गर्नु हो भने, मुनाफा आर्जन गर्नका लागि प्रर्याप्त बजारको आवश्यकता पर्दछ । धेरै लघु उद्यमीहरू वस्तु तथा सेवा उत्पादन गर्न सक्षम हुँदाहुँदै पनि बजार व्यवस्थापन गर्न नसकी व्यवसाय बन्द गर्न बाध्य भएको हामीले सुन्ने र देख्ने गरेका छौं । तसर्थ लघु उद्यमीहरूलाई व्यवसायमा टिकाईराख्न उनीहरूका उत्पादनको बजार विकासमा सहयोग गर्नु पर्दछ ।

उद्यमशिलता विकास तालिम र सीप विकास तालिम लिई सकेका उद्यमीहरुले उत्पादन गरेका वस्तु/सेवालाई बजारसम्म सजिलै पहुँच पुर्याउने, बिक्रेताले क्रेतासँग र क्रेताले बिक्रेतासँगको सुमधुर सम्बन्ध कायम गर्ने, ग्राहकको पहिचान गर्ने, वस्तु तथा सेवाको विक्री रणनीति तयार गर्ने, बजार र बजारीकरण बारे जानकारी प्रदान गर्ने, बजारीकरण योजनाको तयार गर्ने, बजार र वजार समिश्रण बारे अवगत गराउने उद्देश्यले वडा नं. ७ मा गठित लघु उद्यमी समूहका उद्यमीहरुका लागि मिति २०७८ बैशाख ०२ गते देखि ०३ गतेसम्म, वडा नं. ८ का लघु उद्यमी समूहका उद्यमीहरुका लागि मिति २०७८ बैशाख ०५ गते देखि ०६ गतेसम्म र लघु उद्यमी समूहका उद्यमीहरुका लागि मिति २०७८ बैशाख ०७ गते देखि ०८ गतेसम्म २ (दुई) दिने बजारीकरण तालिमको आयोजना गरिएको थियो । यो तालिम सम्पन्न भए पश्चात उद्यमीहरुले उत्पादन गरेका वस्तु/सेवालाई बजारमा सहज पहुँच कायम अपेक्षा गरिएको थियो ।

#### उपलब्धि

बजारीकरण तालिम सम्पन्न पश्चात सहभागीहरुमा निम्न सिकाई उपलब्धि भएको थियो । जुन यसप्रकार रहेको छः

- बजारको मागलाई मध्यनजर गर्दै सो अनुसार रणनीति तय गर्न सक्ने भएको,
- बजारीकरणका ६ वटा चरणहरुको बारेमा जानकारी हासिल भएको,
- बजारका प्रबर्द्धनात्मक तरिका र रणनीतिहरुको बारेमा जानकारी भएको,
- बजारका सम्भावित जोखिमहरुको बारेमा ज्ञान हासिल भएको,
- बजारीकरण योजना बनाउन सक्ने ज्ञान र सीप प्राप्त भएको,
- ग्राहकको पहिचान गर्न सक्ने जानकारी प्राप्त भएको ।

#### निश्कर्ष

क्रेता र बिक्रेता कुनै पनि व्यापार व्यवसायका अभिन्न अङ्ग हुन् । एउटाको अभावमा अर्को पक्ष अर्थहीन हुन्छ । खास गरी कुनै पनि व्यापारलाई सफल र असफल बनाउन बिक्रेताको व्यवहार र सीपले नै महत्त्वपूर्ण भूमिका खेलेको

